## अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

बडीकेदार गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ७ | संख्याः ३ | मितिः २०८०/११/३ |

**भाग-२**

**बडीकेदार गाउँपालिका**

# बडीकेदार गाउँपालिकाको
# व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०८०

**प्रस्तावना**

बडीकेदार गाउँपालिका क्षेत्रभित्र गरिने सम्पूर्ण व्यवसायलाई व्यवस्थित तथा नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यविधि बडीकेदार गाउँपालिका क्षेत्रभर लागु हुनेछ । यस कार्यविधि वमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा संस्था जहाँजुकै रहे वसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका"भन्नाले बडीकेदार गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका"भन्नाले बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ

(घ) "कार्यालय"भन्नाले बडीकेदार गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवसाय"भन्नाले बडीकेदार गाउँपालिका क्षेत्रभित्र संचालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै प्रकृतिका व्यावसायिक कारोवार सम्झनु पर्दछ ।

(च) "व्यवसायी"भन्नाले व्यवसायको प्रोपराईटरलाई सम्झनु पर्दछ ।

(छ) "दर्ता"भन्नाले कुनैपनि व्यवसायलाई गाउँपालिकाको कार्यालयमा र यस गाउँपालिका

अन्तर्गतका वडा कार्यालयहरुमा दर्ता गरि प्रमाणपत्र दिईने कार्यलाई सम्झनु पर्दछ ।

(ज) "वडा कार्यालय"भन्नाले बडीकेदार गाउँपालिका अन्तर्गतको वडा कार्यलयलाई सम्झनु पर्दछ ।

(झ) "गाउँ सभा"भन्नाले बडीकेदार गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ञ) "कर" भन्नाले ऐन र यस कार्यविधि वमोजिम बडीकेदार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूजिगत लगानी वा व्यवसायको प्रकृति वा आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी दर्ता र नवीकरणमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र सो शव्दले व्यवसायको करको अतिरिक्त प्रचलित कानून वमोजिम सो मा लाग्ने व्याज हर्जाना वा शुल्क वा जरिवाना समेतलाई जनाउछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले बडीकेदार गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाको अध्यक्ष सम्झनु पर्दछ ।

## परिच्छेद-२

## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

३) बडीकेदार गाउँपालिका क्षेत्रभित्र व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता गर्नु पर्नेछ।

तर व्यवसाय संचालन गर्नुपूर्व प्रचलित कानून वमोजिम तोकिएको निकायवाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायवाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाको हुनेछ ।

४) यो कार्यविधि प्रारम्भ हुनु अगावै बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा वा वडा कार्यालयमा दर्ता नगरी संचालन भैरहेका व्यवसाय समेत यस कार्यविधि बमोजिम अनिवार्यरुपमा दर्ता गराउनु पर्नेछ ।

५) मदिरा तथा सुर्तिजन्य पदार्थको व्यवसाय दर्ता भए बडिकेदार गाउँपालिकाको सार्वजनिक स्थल विधालय, स्वास्थ्य संस्था, मठ मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट ५०० मिटर टाढा हुनु पर्नेछ साथै मदिरा विक्री वितरण, व्यवस्थापन तथा नियमन निर्देशिका, २०७६ का शर्त पालन गर्न व्यवसायीले मञ्जुर गरेको व्यहोरा सम्बन्धित वडा कार्यालयवाट तयार पारिने स्थलगत सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस पत्रमा स्पष्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

६) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक छुट्टाछुटै व्यवसाय दर्ता

गराउनु पर्नेछ ।
७) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।
८)यस कार्यविधि बमोजिम देहायमा उल्लेखित प्रक्रिया एवम् कागजात संलग्न राखी व्यवसायीले आवेदन गरेमा गाउँपालिका कार्यालय वा वडा कार्यालयले व्यवसाय दर्ता गरि अनुसूची-६ वमोजिमको व्यवसाय दर्ता प्रमाण-पत्र उपलव्ध गराउने छ ।
(क) अनुसूची-१ को ढांचामा निवेदन
(ख) वडा कार्यालयको सिफारिस । गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्ने भएमा मात्र ।
(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमिन मुचुल्का र व्यवसाय संचालन गर्ने स्थानको चार किल्लामा रहेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपि
(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।
(ङ) व्यवसायगर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध.प्रमाण पूर्जाको प्रतिलिपि ।
(च) अर्कै व्यक्तिको कोठा/सटर भाडामा लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपि वा मन्जुरीनामाको प्रतिलिपि।
(छ) भाडामा दिने व्यक्तिको ना.प्र.प. को प्रतिलिपि।
(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने, व्यवसाय गाउँपालिकामा दर्ता गरेमा ।
(झ) दुई प्रति पासपोर्ट साइजको फोटो ।
(ञ) व्यवसाय कर तिरेको रसिद ।
(ट) व्यवसाय संचालन गर्ने व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ ।
(ठ) मालपोत तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपि ।
९) वैक तथा वित्तिय संस्था वा अन्य संघ संस्थाको हकमा दफा ८ को (क), (ख), (ङ), (च), (छ), (ज),(झ),(ञ) का अधिरिक्त आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कम्पनि दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको विधान,शाखा खोल्ने अनुमति पत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

## परिच्छेद -३
## नविकरण सम्बन्धि व्यवस्था

१०) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा वा वडा कार्यालमा व्यवसाय दर्ता गरिसकेपछि देहायका कागजात संलग्न राखी प्रत्येक आ.व. को लागि व्यवसाय नविकरण गर्नुपर्नेछ

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नवीकरण दस्तुर तिरेको रसीद ।

(ग) अनुसूची-२ को ढांचामा निवेदन

## परिच्छेद -४

## व्यवसाय नामसारी सम्बन्धि व्यवस्था

११) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा वा दर्ता भएको कुनैपनि व्यवसाय तपशिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिनेछ ।

(क) व्यवसायीको मृत्यु भएमा।

(ख) कुनै व्यवसायीले आफ्नो व्यवसाय अर्को व्यक्तिलाई विक्री गरेमा ।

(ग) व्यवसायी वेपत्ता भएमा।

(घ) व्यवसायी असक्त भई निजले आफ्नो व्यवसाय आफ्नो अंशियारको नाममा नामसारी गर्न चाहेमा ।

(ङ) व्यवसायीको मगज विग्रेको चिकित्सकले प्रमाणित गरेमा ।

(च) साझेदारी व्यवसाय एकल गर्नु परेमा ।

१२) दफा ११ को उपदफा (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिम नामसारी प्रयोजनका लागि तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा वा वडा कार्यालयमा रितपूर्वकको निवेदन पेश गर्नुपर्नेछ।

(क) अनुसूची-३ को ढांचामा निवेदन

(ख) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, मगज विग्रेको भएमा मान्यत प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नु परेमा दुवै पक्षको सहमती र व्यवसाय विक्रि गरेको प्रमाण

(ग) दफा ११ को (क), (ग), (घ) र (ङ) को अवस्थामा नाता प्रमाण पत्रको प्रतिलिपी ।

(घ) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी ।

१३) दफा १२ अनुसार संलग्न प्रमाणहरुको आधारमा गाउँपालिका कार्यालय वा वडा कार्यालय द्धारा आवश्यक छानविन गरी तोकिए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिने छ ।

## परिच्छेद -५

## व्यवसाय दर्ता खारेजी सम्बन्धी व्यवस्था

१४) कुनै व्यवसायीले व्यवसाय वन्द गर्न चाहेमा कानून वमोजिम लाग्ने कर वुझाई व्यवसाय खारेज गर्न तपशिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत समक्ष तथा वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनु पर्नेछ ।

(क) अनुसूची–४ को ढांचामा निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र । गाउँपालिकाको हकमा ।

(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।

(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।

(ङ) नवीकरण दस्तुर बुझाएको रसीद ।

(च) व्यवासायी स्वयम् उपस्थित हुनुपर्नेछ ।

१५) दफा १४ अनुसारका कागजातहरुको आधारमा व्यवसाय दर्ता खारेज गर्न मनासिव देखिएमा दर्ता खारेज गरिनेछ ।

१६) प्रचलित कानून बिपरित कारोवार गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्वार उलघंन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरि बांकी बक्यौता कर तथा जरिवाना सरकारी वांकी सरह असुल गर्नेछ ।

## परिच्छेद -६

## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिर्वतन सम्बन्धि व्यवस्था

१७) यस कार्यविधि बमोजिम एउटा वडामा भाडाको घरमा रहेको व्यवसाय अर्को वडामा स्थानान्तरण गर्न वा एउटै वडाभित्र पनि स्थान परिवर्तन गर्नुपरेमा देहाय अनुसारका कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा वा वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) अनुसूची–५ को ढांचामा निवेदन

(ख) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ग) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(घ) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।

(ङ) व्यवसाय रहने कोठा/सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपि।

(च) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमीन

मुचुल्का ।
(छ) वडा कार्यालयको सिफारिस पत्र, गाउँपालिकाको हकमा मात्र ।
(ज) प्रति जमीनमा बनेको कोठा/सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिस पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । गाउँपालिकाको हकमा मात्र ।
१८) यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा वा वडा कार्यालयमा दर्ता भई सकेको व्यवसायको नाम परिवर्तन गर्नुपरेमा तपसिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा वा वडा कार्यालयमा रितपूर्वकको निवेदन दिनुपर्ने छ र गाउँपालिका वा वडा कार्यालयले उचित ठहऱ्याएमा व्यवसायको नाम परिवर्तन गर्न सक्ने छ ।
(क) रितपूर्वकको निवेदन ।
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, गाउँपालिकाको हकमा मात्र ।
(ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।
(घ) नविकरण दस्तुर बुझाएको रसीद ।
(ङ) साविकको व्यवसाय र हालको व्यवसायको प्रकृति फरक हुने भएमा वडा कार्यालयद्वारा तयार पारीएको स्थलगत सर्जमीन मुचुल्का ।
१९) एउटै नाममा एकै प्रकृतीका एक भन्दा वढि व्यवसाय दर्ता भएमा पछिल्लो दर्ता भएको व्यवसायको नाम परिवर्तन गर्न सकिनेछ ।

## परिच्छेद -७
## व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था

२०) यस कार्यविधि बमोजिम गाउँपालिकाको कार्यालयमा वा वडा कार्यालयमा व्यवसाय दर्ता गरि सकेपछि व्यवसायीले प्राप्त गरेको व्यवसाय दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रमाणपत्रको प्रतिलिपी प्राप्तीको लागि व्यवसायीले देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्ने छ ।
(क) रीतपूर्वकको निवेदन ।
(ख) वडा कार्यालयको सिफारिस, गाउँपालिकाको हकमा मात्र ।
(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।
२१)दफा १९ अनुसार संलग्न प्रमाणको आधारमा तोकीएको दस्तुर लिई व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।
२२) नविकरण गर्ने तालिका भरिएका कारण दर्ता प्रमाणपत्र नविकरण गर्नु परेमा कार्यालयले वा वडा कार्यालयले निशुल्क  दर्ता प्रमाणपत्रको प्रतिलिपी उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद - ८
## व्यवसाय दर्ता, नवीकरण नगरी सञ्चालन गरेमा कारवाही हुने

२३) प्रचलित कानून र यस कार्यविधि वमोजिम दर्ता नगरि कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरेको पाईएमा कार्यालयले वा वडा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नका लागि पत्राचार गर्नु पर्नेछ ।

२४) दफा २३ बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिन भित्र कार्यालयमा वा वडा कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा कार्यालयवाट प्रवाह हुने सवै किसिमका सेवा सुविधाहरु रोक्का गर्न सक्नेछ साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानवाट प्रवाह हुने सेवा सुविधाहरु रोक्का गर्न सकिनेछ ।

२५) दफा २४ बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र व्यवसाय दर्ता नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा कार्यालयले वा वडा कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून वमोजिम असुल उपर गर्नेछ ।

२६) कार्यालयले वा वडा कार्यालयले ऐन तथा यस कार्यविधि वमोजिम तिर्नु पर्ने, वुझाउनु पर्ने कर रकम दाखिला नगर्ने व्यक्ति वा संस्थाको नाम कार्यपालिका वा वडा समितिबाट निर्णय गरि सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद -९
## विविध

२७) कार्यालयले वा वडा कार्यालयले यस कार्यविधि वमोजिम व्यवसायको दर्ता, नविकरण, नामसारी र खारेजी सम्बन्धी कार्यको सहजताका लागि व्यवसायीहरुलाई पायक पर्ने स्थानमा घुम्ती सेवा संचालन गर्न सक्नेछ ।

२८) कार्यालयले वा वडा कार्यालयले अनुगमन तथा निरीक्षण गरी बडीकेदार गाउँपालिका वा सम्बन्धित वडा क्षेत्रभित्र रहेका व्यवसायहरु यस कार्यविधि बमोजिम दर्ता भए नभएको यकिन गरी दर्ता गर्न निर्देशन दिन सक्नेछ ।

२९) गाउँपालिकाले वा वडा कार्यालयले दिएको निर्देशन पालना गर्नु प्रत्येक व्यवसायीको कर्तव्य हुनेछ ।

३०) यो कार्यविधि लागु हुनुपूर्व गाउँपालिका कार्यालयमा दर्ता भएका व्यवसायहरु यसै

कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

३१) गाउँपालिका वा वडा कार्यालयले दिएको निर्देशन पालना नगर्ने वा आफ्नो व्यवसाय दर्ता गर्न अटेरी गर्ने व्यवसायीलाई गाउँपालिका कार्यालय अथवा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्न सकिनेछ ।

३२) यस कार्यविधि बमोजिम एकपटक यस गाउँपालिका वा वडा कार्यालयमा एक प्रकारको व्यवसाय दर्ता भईसकेपछि त्यसमा तोकिएको दस्तुर लिई एकै प्रकृतिको व्यवसाय वाहेक अन्य प्रकृतीको अर्को व्यवसाय थप गर्न पाइने छैन ।

३३) व्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा श्रम संग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

३४) संघीय  तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण तथा बातावरणीय प्रभाव मूल्याङ्कन गरी संचालन गर्नुपर्ने व्यवसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसायीको  हुनेछ ।

३५) बडीकेदार गाउँपालिका भित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदूषणको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम् व्यवसायीकै हुनेछ ।

३६) व्यवसाय संचालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानिकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहारमैला गाउँपालिकाले चाहेमा तोकेको सेवाशुल्क लिई व्यवस्थापन गरिदिन सक्नेछ ।

३७) यस कार्यविधिको पालना गर्नु प्रत्येक गाउँवासीको कर्तव्य हुनेछ ।

३८) यस कार्यविधि कार्यान्वयनको  लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३९) कार्यविधि अन्तर्गत रही यो कार्यविधि कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

४०) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

४१) यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि वमोजिम र नलेखिएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

४२) बडीकेदार गाउँपालिका क्षेत्रभित्र विभिन्न प्रकृतिका व्यापार व्यवसाय यस कार्यविधि दर्ता भए/नभएको अनुगमन गर्न बडीकेदार गाउँपालिकाले बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि जारी गरी लागु गर्न सक्नेछ ।

## अनुसूची–१
## व्यवसाय दर्ता निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, (वडाको हकमा वडा अध्यक्ष ज्यू)
बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खड्चौली, डोटी ।(वडाको ठेगाना लेख्नु पर्ने)

विषय ; व्यवसाय दर्ता सम्वन्धमा ।

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर .............................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगाना :
जिल्लाः डोटी गा.पा. ; बडीकेदार वडा नं. ................. मार्ग ...... टोल ........घर नं......
३. व्यवसायीको वुवाको नाम, थर ; ......................................................
४.व्यवसाय रहने स्थानको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...
५. सम्पर्क फोन नं. ................. मोवाईल नं. ................. इमेल ............................
६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ..............................
७.घर घनिको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...
८. व्यवसायको किसिम /प्रकृति ; ......................................................................
९. पूँजी लगानी रु. ............... (स्थीर पूँजी ..................... चालु पूँजी ......................)
१०. फर्म/कम्पनीको नाम ; ....................................................
११. परिचय पाटीको साइज (लम्वाई.............. चौडाई............ वर्गफिट...........)
११. अन्यत्र दर्ता भए, दर्ता नं. ........................ कार्यालय ........................
१३ संलग्न कागजातहरु ;
(क) व्यवसाय कर तिरेको रसिद ।
(ख) वडा कार्यालयको सिफारिस, गाउँपालिकाको हकमा मात्र ।
(ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमीन मुचुल्का र व्यवसाय संचालन गर्ने स्थानको चार किल्लामा रहेका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपी
(घ) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।
(ङ) व्यवसाय गर्ने भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपि ।
(च) अर्कै व्यक्तिको कोठा/सटर भाडामा लिई व्यवसायगर्ने भएमा सम्झौता वा मन्जुरीनामाको प्रतिलिपि ।
(छ) भाडामा दिने व्यक्तिको ना.प्र.प. को प्रतिलिपि ।
(ज) व्यवसाय गर्ने भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारीस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने ।
(झ) दुई प्रति पासपोर्ट साइजको फोटो ।
(ञ) यस आ व सम्मको मालपोत तथा सम्मपतिकर तिरेको रसिद

.............................
निवेदकको दस्तख
नाम, थर ..................
ठेगाना ....................
मिति ...................

**गाउँपालिकाको हकमा** अनुसूची-२

**व्यवसाय नविकरण फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
खड्यौली, डोटी ।

विषय ; व्यवसाय नविकरण सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................
(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगाना
जिल्ला ; डोटी गा.पा. ; बडीकेदार वडा नं. ................. मार्ग ...... टोल ........घर नं......
३. व्यवसायीको वुवा ।पति को नाम, थर ; .......................................................
४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. .................. मार्ग .............. टोल ...... घर नं. ...
५. सम्पर्क फोन नं. ................. मोवाईल नं. ................. इमेल .............................
६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................
७.घरघनिको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...
८. व्यवसायको किसिम /प्रकृति ; .........................................................................
९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)
१०. फर्म/कम्पनी /व्यवसायको नाम ; ....................................................
११. परिचय पाटीको साइज (लम्वाई.............. चौडाई............ वर्गफिट............)
१२, दर्ता नं. ......................... कार्यालय .........................
१३ संलग्न कागजातहरु ;
(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।
(ख) नविकरण दस्तुर तिरेको रसीद ।

..............................
निवेदकको दस्तखत
नाम, थर ...................
ठेगाना .......................
मिति ....................

**वडा कार्यालयको हकमा** अनुसूची–२

**व्यवसाय नविकरण फाराम**

श्रीमान् वडा अध्यक्ष ज्यू

............ नं. वडा कार्यालय

..............., डोटी ।

विषय ; व्यवसाय नविकरण सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय नविकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकाबाट समय–समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ............................................

(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी गा.पा. ; बडीकेदार वडा नं. ................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको बुवा ।पति को नाम, थर ; .......................................................

४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...

५. सम्पर्क फोन नं. ................. मोवाईल नं. ................. इमेल ............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ..............................

७.घरघनिको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...

८. व्यवसायको किसिम /प्रकृति ; .........................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)

१०. फर्म/कम्पनी /व्यवसायको नाम ; ....................................................

११. परिचय पाटीको साइज (लम्वाई.............. चौडाई............ वर्गफिट...........)

१२, दर्ता नं. ........................ कार्यालय ........................

१३ संलग्न कागजातहरु ;

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

.............................

निवेदकको दस्तखत

नाम, थर ..................

ठेगाना ......................

मिति ....................

**गाउँपालिकाको हकमा**

## अनुसूची–३
## व्यवसाय नामसारी फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
खड्चौली, डोटी ।

विषय ; व्यवसाय नामसारी सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय नामसारी गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकाबाट समय–समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ............................................

(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी गा.पा. ; बडीकेदार वडा नं. ................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको वुवा/पति को नाम, थर ; ......................................................

४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...

५. सम्पर्क फोन नं. ................. मोवाईल नं. ................. इमेल ............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ..............................

७.घरघनिको ठेगाना ; वडा नं. ................. मार्ग .............. टोल ...... घर नं. ...

८. व्यवसायको किसिम /प्रकृति ; ...................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी..................... चालु पूँजी ......................)

१०. फर्म/कम्पनी /व्यवसायको नाम ; ...................................................

११, दर्ता नं. ......................... कार्यालय .........................

१२ नामसारी गर्नु पर्ने कारण ........................................................................

१२ संलग्न कागजातहरु ;

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

(ग) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, मगज विग्रेको भएमा मान्यत प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नु परेमा दुवै पक्षको सहमती र व्यवसाय विक्रि गरेको प्रमाण ।

(घ) नाता प्रमाण पत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपि ।

.............................
निवेदकको दस्तखत
नाम, थर ..................
ठेगाना ......................
मिति ...................

**वडा कार्यालयको हकमा**

## अनुसूची–३
## व्यवसाय नामसारी फाराम

श्रीमान् वडा अध्यक्ष ज्यू

............ नं. वडा कार्यालय

.........., डोटी ।

विषय ; व्यवसाय नामसारी सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय नामसारी गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................

(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी गा.पा. ; बडीकेदार वडा नं. .................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको वुवा/पति को नाम, थर ; .......................................................

४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

५. सम्पर्क फोन नं. .................. मोवाईल नं. .................. इमेल .............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................

७.घरघनिको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

८. व्यवसायको किसिम /प्रकृति ; ...................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)

१०. फर्म/कम्पनी /व्यवसायको नाम ; ....................................................

११, दर्ता नं. ......................... कार्यालय .........................

१२ नामसारी गर्नु पर्ने कारण ..........................................................................

१२ संलग्न कागजातहरु ;

(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल ।

(ख) नविकरण दस्तुर तिरेको रसीद ।

(ग) व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, मगज विग्रेको भएमा मान्यत प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नु परेमा दुवै पक्षको सहमती र व्यवसाय विक्रि गरेको प्रमाण ।

(घ) नाता प्रमाण पत्रको प्रतिलिपी ।

(ङ) साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपि ।

.............................

निवेदकको दस्तखत

नाम, थर ..................

ठेगाना .......................

मिति ....................

**गाउँपालिकाको हकमा**

**अनुसूची-४**

**व्यवसाय वन्द वा खारेज फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बडीकेदार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
खडचौली, डोटी ।

विषय ; व्यवसाय वन्द वा खारेज सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय वन्द । खारेज गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकावाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................
(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगाना
जिल्ला ; डोटी न.पा. ; बडीकेदार वडा नं. .................. मार्ग ...... टोल ........घर नं......
३. व्यवसायीको वुवा/पति को नाम, थर ; ........................................................
४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...
५. सम्पर्क फोन नं. .................. मोवाईल नं. .................. इमेल .............................
६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................
७.घरघनिको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...
८. व्यवसायको किसिम /प्रकृति ; ......................................................................
९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)
१०. फर्म/कम्पनी /व्यवसायको नाम ; .....................................................
११, दर्ता नं. ......................... कार्यालय .........................
१२ वन्द/खारेज गर्नु पर्ने कारण ..........................................................................
१२ संलग्न कागजातहरु ;
(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
(ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।
(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।
(घ) चालु आ.व. सम्मको नविकरण दस्तुर बुझाएको रसीद ।
(ङ) व्यवासायी स्वयम् उपस्थित हुनुपर्ने छ ।

.............................
निवेदकको दस्तखत
नाम, थर ...................
ठेगाना .......................
मिति ....................

**वडा कार्यालयकोहकमा**

## अनुसूची–४

## व्यवसाय वन्द वा खारेज फाराम

श्रीमान् वडा अध्यक्ष ज्यू,

.......... नं. वडा कार्यालय,

............, डोटी ।

विषय ; व्यवसाय वन्द वा खारेज सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय वन्द । खारेज गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकावाट समय–समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................

(फर्म कम्पनीको हकमा संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी न.पा. ; बडीकेदार वडा नं. .................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको वुवा/पति को नाम, थर ; ......................................................

४.व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

५. सम्पर्क फोन नं. .................. मोवाईल नं. .................. इमेल .............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................

७.घरघनिको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

८. व्यवसायको किसिम /प्रकृति ; ......................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)

१०. फर्म/कम्पनी /व्यवसायको नाम ; .....................................................

११, दर्ता नं. ......................... कार्यालय .........................

१२ वन्द/खारेज गर्नु पर्ने कारण ..........................................................................

१२ संलग्न कागजातहरु ;

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।

(ग) व्यवसायीको ना.प्र.प. को प्रतिलिपि ।

(घ) चालु आ.व. सम्मको नविकरण दस्तुर बुझाएको रसीद ।

(ङ) व्यवासायी स्वयम् उपस्थित हुनुपर्ने छ ।

.............................

निवेदकको दस्तखत

नाम, थर ...................

ठेगाना .......................

मिति ....................

**_गाउँपालिकाको लागि** **अनुसूची-५**

## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिर्वतन सम्वन्धी फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

बडीकेदार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खडचौली, डोटी ।

विषय ; व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन सम्बन्धि सम्बन्धमा ।

मैले⁄हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु⁄छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकावाट समय–समयमा दिइने आदेश⁄निर्देशन समेत पालन गर्न मञ्जुर छु⁄छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु⁄छौं ।

१. व्यवसायीको नाम, थर .............................................

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी न.पा. ; बडीकेदार वडा नं. .................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको वुवा ।पति को नाम, थर ; .......................................................

४. हाल व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं.

५. सम्पर्क फोन नं. .................. मोवाईल नं. .................. इमेल .............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................

७.घरघनिको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

८. व्यवसायको किसिम ⁄प्रकृति ; .........................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)

१०. फर्म⁄कम्पनी ⁄व्यवसायको नाम ; ....................................................

११, दर्ता नं. ......................... कार्यालय .........................

१२ व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन गर्न कारण .............................................

१३ व्यवसाय सचालन हुने नयां स्थान :न.पा. ; बडीकेदार वडा नं. ....... मार्ग ...... टोल ......घर नं..

१४ परिवर्तन हुने व्यवसाय/फर्म/कम्पनीको नाम ...........................................................

१५ संलग्न कागजातहरु ;

(क) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ख) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(ग) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।

(घ) व्यवसाय रहने कोठा⁄सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपि ।

(ङ) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमीन मुचुल्का

(च) वडा कार्यालयको सिफारिस पत्र ।

(छ) प्रति जमीनमा बनेको कोठा⁄सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

.............................

निवेदकको दस्तखत

नाम, थर ...................

ठेगाना .......................

मिति ....................

**वडा कार्यालयको हकमा**

## अनुसूची-५

## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिर्वतन सम्वन्धी फाराम

श्रिमान, अध्यक्ष ज्यू

............ नं. वडा कार्यालय

...................., डोटी ।

विषय ; व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन सम्बन्धि सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै बडीकेदार गाउँपालिकावाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक सांचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर ..............................................

२. व्यवसायीको स्थायी ठेगाना

जिल्ला ; डोटी न.पा. ; बडीकेदार वडा नं. ................. मार्ग ...... टोल ........घर नं......

३. व्यवसायीको वुवा ।पति को नाम, थर ; .......................................................

४. हाल व्यवसाय रहको स्थानको ठेगाना ; वडा नं. ................. मार्ग ............... टोल ...... घर नं.

५. सम्पर्क फोन नं. ................. मोवाईल नं. ................. इमेल ............................

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गाधनीको नाम, थर ...............................

७.घरघनिको ठेगाना ; वडा नं. .................. मार्ग ............... टोल ...... घर नं. ...

८. व्यवसायको किसिम /प्रकृति ; ...........................................................................

९. पूँजी लगानी रु. ................ (स्थीर पूँजी...................... चालु पूँजी .......................)

१०. फर्म/कम्पनी /व्यवसायको नाम ; ....................................................

११, दर्ता नं. ......................... कार्यालय .........................

१२ व्यवसाय रहने स्थान / व्यवसायको नाम परिर्वतन गर्न कारण ............................................

१३ व्यवसाय सचालन हुने नयां स्थान :न.पा. ; बडीकेदार वडा नं. ....... मार्ग ...... टोल ......घर नं..

१४ परिवर्तन हुने व्यवसाय/फर्म/कम्पनीको नाम ..........................................................

१५ संलग्न कागजातहरु ;

(क) पहिलेको घरधनीसँग सम्झौता भंग भएको प्रमाण ।

(ख) नयाँ घरधनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(ग) नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।

(घ) व्यवसाय रहने कोठा/सटर रहेको जग्गाको कि.नं. स्पष्ट देखिने ज.ध. प्रमाण पूर्जाको प्रतिलिपि ।

(ङ) नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्वारा तयार गरिएको स्थलगत सर्जमीन मुचुल्का

(च) वडा कार्यालयको सिफारिस पत्र ।

(छ) प्रति जमीनमा बनेको कोठा/सटरमा व्यवसाय सार्न परेमा वडा कार्यालयको सिफारिश पत्रमा सो व्यहोरा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

.............................

निवेदकको दस्तखत

नाम, थर ..................

ठेगाना ......................

मिति ...................

**गाउँपालिकाको हकमा** **अनुसूची–६**

फोटो

# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिका कार्यालय
# खड्यौली, डोटी

**<u>व्यवसाय दर्ता प्रमाण–पत्र</u>**

प्रमाणपत्र दर्ता नं. : ........................ आ.व. ............... दर्ता मिति : ..................
उद्योग/व्यवसाय/संघ/संस्था/फर्मको नाम : ........................................................
व्यवसायीको नाम : ...............................................
व्यवसायिको पिता/पतिको नाम : .........................................
व्यवसायीको ना.प्र.प्र.नं.............................. जारि जिल्ला..................... जारी मिति ..............
संस्था/फार्म/उद्योग दर्ता नं. .................... पान नं. ...............................
व्यवसाय संचालन भएको वा हुने मिति : ............................
व्यवसाय रहने स्थान : .....................................
बाटोको नाम : ............................ घर नं. .................... टोल .........................
व्यवसाय रहने घर धनिको नाम : .......................................................................
व्यवसायको प्रकृति/किसिम : ..............................................................................
पूँजी लगानी रु. ................ (स्थीर पूँजी ..................... चालु पूँजी ......................)
व्यवसायका कारोवारहरु : ......................................................................
परिचयपाटी (साईनवोर्ड) को साईज ..................................................
अन्य विवरण : ..........................................................................

| ................. | .......................... | ...................... |
|---|---|---|
| संचालक | तयार गर्ने | प्रमाणित गर्ने |

**<u>शर्तहरु :</u>**

१. प्रत्येक आ.व. को कर तोकिएको अवधि भित्र वुझाई सक्नु पर्नेछ । तोकिएको म्यादभित्र नवुझाएमा प्रचलित ऐन, कानून वमोजिम जरिवाना लाग्नेछ ।
२. व्यवसाय गरि रहेको स्थान परिवर्तन गर्नु परेमा गाउँपालिकावाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
३. आफुले संचालन गरेको व्यवसाय वन्द गर्नुपर्दा वा छोड्नु परेमा यस गाउँपालिकामा ३५ दिन भित्र लिखित जानकारी गराउनु पर्नेछ अन्यथा व्यवसाय चालु नै रहेको मानि सालवसालीरुपमा कर लाग्नेछ ।
४. यो प्रमाणपत्र व्यवसाय रहेको स्थानमा सवैले देख्ने गरि राख्नु पर्नेछ र गाउँपालिकावाट अनुगमन/निरीक्षण गर्न आएमा तुरुन्त देखाउनु पर्नेछ ।
५. आफुले सञ्चालन गरेको व्यवसायमा बाल श्रमिकहरुको प्रयोग गर्न पाइने छैन र गरेको देखिएमा कानून वमोजिम कारवाही गरिनेछ ।
६. व्यवसायवाट निस्केको फोहोरहरु व्यवसायी आफैले व्यवस्थापन गर्नु पर्नेछ ।
७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकावाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।
८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै वखतमा पनि यो प्रमाण–पत्र रद्द गर्न सक्नेछ ।
९. यो प्रमाण–पत्र गाउँपालिको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचालित कानून वमोजिम कुनै निकायवाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालन गर्नु पर्नेछ ।

**वडाको हकमा** **अनुसूची–६**

फोटो

# बडीकेदार गाउँपालिका
# .........नं. वडा कार्यालय
# ............. डोटी ।

**व्यवसाय दर्ता प्रमाण–पत्र**

प्रमाणपत्र दर्ता नं. : ........................ आ.व. ............... दर्ता मिति : ..................
उद्योग/व्यवसाय/संघ/संस्था/फर्मको नाम : .........................................................
व्यवसायीको नाम : ...............................................
व्यवसायिको पिता/पतिको नाम : .........................................
व्यवसायीको ना.प्र.प्र.नं.............................. जारि जिल्ला..................... जारी मिति ..............
संस्था/फार्म/उद्योग दर्ता नं. ..................... पान नं. ...............................
व्यवसाय संचालन भएको वा हुने मिति : ............................
व्यवसाय रहने स्थान : ......................................
बाटोको नाम : ............................ घर नं. .................... टोल .........................
व्यवसाय रहने घर धनिको नाम : ......................................................................
व्यवसायको प्रकृति/किसिम : ..........................................................................
पूँजी लगानी रु. ................ (स्थीर पूँजी ..................... चालु पूँजी ......................)
व्यवसायका कारोवारहरु : ..........................................................................
परिचयपाटी (साईनवोर्ड) को साईज ..................................................
अन्य विवरण : ............................................................................

| ................. | .......................... | ...................... |
|---|---|---|
| संचालक | तयार गर्ने | प्रमाणित गर्ने |

**शर्तहरु :**

१. प्रत्येक आ.व. को कर तोकिएको अवधि भित्र वुझाई सक्नु पर्नेछ। तोकिएको म्यादभित्र नवुझाएमा प्रचलित ऐन, कानून वमोजिम जरिवाना लाग्नेछ।

२. व्यवसाय गरि रहेको स्थान परिवर्तन गर्नु परेमा गाउँपालिकावाट पूर्व स्वीकृति लिनु पर्नेछ।

३. आफुले संचालन गरेको व्यवसाय वन्द गर्नुपर्दा वा छोड्नु परेमा यस गाउँपालिकामा ३५ दिन भित्र लिखित जानकारी गराउनु पर्नेछ अन्यथा व्यवसाय चालु नै रहेको मानि सालवसालीरुपमा कर लाग्नेछ।

४. यो प्रमाणपत्र व्यवसाय रहेको स्थानमा सवैले देख्ने गरि राख्नु पर्नेछ र गाउँपालिकावाट अनुगमन/निरीक्षण गर्न आएमा तुरुन्त देखाउनु पर्नेछ।

५. आफुले सञ्चालन गरेको व्यवसायमा बाल श्रमिकहरुको प्रयोग गर्न पाइने छैन र गरेको देखिएमा कानून वमोजिम कारवाही गरिनेछ।

६. व्यवसायवाट निस्केको फोहोरहरु व्यवसायी आफैले व्यवस्थापन गर्नु पर्नेछ।

७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकावाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै वखतमा पनि यो प्रमाण–पत्र रद्द गर्न सक्नेछ।

९. यो प्रमाण–पत्र गाउँपालिको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचालित कानून वमोजिम कुनै निकायवाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालन गर्नु पर्नेछ।

व्यवसाय नवीकरण तालिका

| आर्थिक वर्ष | व्यवसाय कर | वक्यौता/जरिवाना | वहाल कर | जम्मा रकम | रसिद नं. र मिति | पेश गर्ने | नवीकरण गर्नेको दस्तखत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले

सन्दिप न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत